Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

*Ref.* ७ सेप्टेम्बर २०१९

प्रेस विज्ञप्ति

**एनआरएनए अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार-२०१९ का लागि आह्वान**

नेपाल पत्रकार महासंघ बेलायत र गैरआवासीय नेपाली संघ युकेको विशेष सक्रियतामा स्थापना गरिएको 'एनआरएनए अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार' हरेक दुई वर्षमा प्रदान गरिदै आएको छ। विश्वको कुनै पनि कुनामा रहेर मातृभूमि नेपाल र नेपालीका लागि पत्रकारितामार्फत योगदान दिइरहेका पत्रकारहरुलाई उत्प्रेरित गर्ने उद्‌देश्यले सो पुरस्कार स्थापना गरिएको हो। यस वर्ष प्रदान गरिने सो पुरस्कारका लागि निम्न बमोजिमको आह्वान गरिएको छ।

**पुरस्कारका लागि निम्नलिखित आधारहरु तोकिएका छन्-**

१. विश्वको कुनै पनि भागमा रहेर सञ्चालित प्रकाशन/सन्चार गृहमार्फत गैरआवासीय नेपालीका बारेमा नेपाली वा अङ्ग्रेजी भाषामा कम्तीमा पाँचवर्ष लगातार मुलधारको मिडियामा रहेर पत्रकारिता गरिरहेका पत्रकारहरु पुरस्कारका लागि योग्य हुनेछन्।
२. विभिन्न सञ्चार माध्यममा गैरआवासीय नेपालीका बारेमा प्रकाशित लेख, रचना, समाचार आदि लगायत श्रव्य,दृश्य सामग्रीहरुको मूल्यांकन गरी सो पुरस्कार प्रदान गरिने छ।
३. गैरआवासीय नेपालीका जनजीवन लगायत तिनका समस्या तथा हकहितका बारेमा प्रकाशित, प्रसारित खोजमूलक सामग्री, लेख, रचना तथा समाचारहरुलाई पुरस्कार छनौटमा प्राथमिकता दिइने छ।
४. तोकिएको अवधिभित्र इच्छुक पत्रकारहरुलाई तल उल्लिखित सम्पर्क ठेगानामा आफ्ना समाचार सामग्रीहरु पठाउन हुन अनुरोध गरिन्छ। यसैगरी, यदि कसैलाई कुनै पनि संचारकर्मीले गैरआवासीय नेपालीका बारेमा पत्रकारितामार्फत उल्लेख्य योगदान पुऱ्याएको भन्ने लाग्छ भने त्यस्ता व्यक्तिको नाम पनि पुरस्कारका लागि सिफारिस गर्न सकिने छ।
५. एनआरएनएको पदाधिकारी र एक पटक पुरस्कृत भैसकेको व्यक्ति पुरस्कारमा सहभागी हुन पाउने छैनन्।
६. पुरस्कृत व्यक्तिको छनौटका लागि गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय समितिका प्रवक्ता, गैरआवासीय नेपाली संघ युके, नेपाल पत्रकार महासंघ, नेपाल पत्रकार महासंघ युके शाखाको परार्मशमा एक समिति बनाइने छ।
७. पुरस्कृत पत्रकारलाई एकल वा संयुक्त रुपमा जनही ५० हजार ५०० रुपैयाँ नगद पुरस्कार तथा प्रमाणपत्रसहित 'एनआरएनए अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार २०१९' प्रदान गरिने छ।
८. तोकिएको मिति भित्र आफूले लेखेको, प्रशारण गरेको, श्रव्य-दृश्य, समाचार, लेख रचनाहरुका प्रकाशित, प्रसारित सामग्रीहरु (बढीमा तीनवटा) र सिफारिसहरु निम्न इमेलमा पठाउनु पर्नेछ।
९. सम्पर्क ठेगाना इमेल nrnaprize@nrna.org
१०. पुरस्कृत हुने व्यक्तिहरुको नाम www.nrna.org मा प्रकाशित गरिने छ।
११. आइपुग्नु पर्ने मिति– ३० सेप्टेम्बर, २०१९ ( नेपाली समयअनुसार राति १२ बजेभित्र)
१२. पुरस्कृत पत्रकारलाई अक्टोबर महिनामा काठमाडौंमा हुन गैरहेको संघको विश्व सम्मेलनका अवसरमा पुरस्कार प्रदान गरिनेछ।

भूषण घिमिरे
प्रवक्ता
गैर आवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद तथा
संयोजक - एनआरएनए अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार समिति